# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्राप्चा, ओखलढुंगा

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः- २०८०।१०।२५**

यस मोलुङ गाउँपालिकाको कार्यालयले विभिन्न मितिमा तपसिल बमोजिमको कार्यको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमका दरभाउपत्रहरु न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि देखिएको हुदाँ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः-

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम रु. (भ्याट सहित ) |
|---|---|---|---|---|
| 1 | MOLUNG.RM.NCB.SP.04/080/081 | Sepli Waterfall Tourism Infrastructure Development Project | Sunuwar Construction, Suryabinayak-2 Bhaktapur | 1,07,00,232.69 |

प्रमुख प्रशासकीय अधिकृत

# एनसेलको डबल मजा प्याक




आर्थिक संवाददाता

काठमाडौं, माघ २४

एनसेलले डबल डेटासहित इन्टरनेट सेवामा 'डबल मजा प्याक' सञ्चालनमा ल्याएको छ । ग्राहकहरूले एकदमै मन पराएको यो डबल मजा अफर एनसेलले तीन प्याकहरूका साथ पुनः सञ्चालनमा ल्याएको हो । यो अफरमा सात दिन भ्यालिडिटी अर्थात् समयसीमा रहेको करसहित एक सय ५० रूपैयाँमा ५ जीबी डेटा वा दुई सय रूपैयाँमा आठ जीबी डेटा लिन सक्छन् ।

त्यसैगरी आठ सय ८८ रूपैयाँमा २८ दिन समयावधि रहेको ८८ जीबी डेटा खरिद गर्न सक्छन् । यो प्याकको सबैभन्दा ठूलो विशेषता भनेको प्याकको भ्यालिडिटी नसकिँदै गरिने हरेक खरिदमा ग्राहकले उही मूल्यमा डबल डेटा बोनस स्वरूप प्राप्त गर्छन् । उदाहरणका लागि, यदि कुनै ग्राहकले ८ जीबी प्याकको प्याक खरिद गरको सात दिनभित्र फेरि सोही प्याक खरिद गरेमा, ग्राहकले १६ जीबी डेटा बोनसका रूपमा प्राप्त गर्छ । डबल मजा प्याक खरिद गर्न एस्ट्रिक्स१७१२३ह्यास डायल गर्नुपर्नेछ । साथै, हालैमात्र अद्यावधिक गरिएको एनसेल एप वा एनसेलका अन्य कुनै पनि आधिकारिक च्यानलमार्फत यो प्याक किन्न सकिन्छ ।

पुनः सञ्चालनमा ल्याइएको यो अफरमा बोनसको रूपमा दोब्बर डेटा प्रदान गरिने भएकाले ग्राहकहरूलाई अनलाइन बस्न र डिजिटलरूपमा सम्पर्कमा रही रहन ठूलो सहयोग पुग्ने विश्वास रहेको एनसेलले जनाएको छ । प्याकको भ्यालिडिटी रहेसम्म ग्राहकले आफ्नो आवश्यकताबमोजिम जति पटक पनि यो प्याक खरिद गरी सञ्चित हुने डेटा भोल्युममार्फत इन्टरनेटमा पहुँचको फाइदा लिन लिन सक्छन् । सात दिन भ्यालिडिटी भएका एक सय ५० र दुई रूपैयाँका डबल मजा प्याकमा पाइने बोनसको सञ्चित डेटा अधिकतम २८ दिनसम्म र आठ सय ८८ रूपैयाँको प्याकमा पाइने सञ्चित बोनस डेटा ६० दिनसम्म चलाउन सकिन्छ । यसैबीच एनसेलले करसहित दुई सय २० रूपैयाँमा सात दिन भ्यालिडिटी भएको कम्बो प्याक पनि ल्याएको छ । यो प्याकमा ग्राहकले चार जीबी डेटा, एक सय मिनेट अल नेट टक टाइम र विभिन्न डिजिटल सेवाहरु प्राप्त गर्छन् ।

# एसपावर क्यान इन्फोटेक आजदेखि

आर्थिक संवाददाता

काठमाडौं, माघ २४




कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)को आयोजनामा आज (बिहीबार)देखि सोमबारसम्म राजधानीमा २९औँ संस्करणको 'क्यान इन्फोटेक २०२४' हुने भएको छ ।

महासंघले हरेक वर्ष क्यान इन्फोटेक आयोजना गर्दै आएको छ । २९औँ क्यान इन्फोटेकको मुख्य प्रायोजकमा एस पावर बीपीई प्राइभेट लिमिटेड र सह-प्रायोजकमा एचएमसी दहुआ रहेको छ । प्रायोजनका आधारमा यस प्रदर्शनीको नाम 'एस पावर क्यान इन्फोटेक २०२४ इन एसोसिएसन विथ एचएमसी दहुवा रहेको छ । यस संस्करणको इन्फोटेक मेलालाई करिब साढे तीन लाखले अवलोकन गर्ने महासंघको अपेक्षा छ । क्यान महासंघका अध्यक्ष रणजीत पोदारले प्रदर्शनीमा राखिने नवीनतम प्रविधि तथा स्थानीय बजारको मागअनुसार विकास गरिएका प्रतिभा र आविष्कारले डिजिटल नेपाल निर्माणको अभियानलाई सहयोग पुग्ने बताए ।

यस्तै, महासंघका महासचिव चिरञ्जीवी अधिकारीले क्यान इन्फोटेकमा स्टार्टअप, युवा प्रतिभा, नवप्रवर्तन तथा नेपाली उत्पादनलाई विशेष प्राथमिकता दिइएको जानकारी दिए । इ-सेवामार्फत इन्फोटेकको टिकट खरिद गर्न सकिनेछ । सर्वसाधारणका लागि एक सय र विद्यार्थीका लागि ५० रूपैयाँ शुल्क तोकिएको छ । जेष्ठ नगरिक, फरक क्षमताका नागरिक, १० वर्ष मुनिका बालबालिका तथा सरकारी र सामुदायिक विद्यालयको सिफारिसमा सामूहिक अवलोकनका लागि निःशुल्क प्रवेश व्यवस्था महासंघले जनाएको छ ।

यस्तै, महासंघले लर्ड बुद्ध एजुकेसन फाउन्डेसनसँगको सहकार्यमा प्रदान गर्दै आएको छात्रवृत्ति प्रदान पनि घोषणा गर्ने जनाएको छ । बीएस्सी आईटी डिग्रीका लागि महासंघले प्रत्येक वर्ष दुई करोडको छात्रवृत्ति प्रदान गर्दै आएको छ । त्यस्तै, नेपाल रोबोटिक्स एकेडेमीले क्यान महासंघसँगको सहकार्यमा नेपालमै विकास गरिएको जेनेरेटिभ एआई सिस्टम 'कान्छी' रोबटको बेटा संस्करण सार्वजनिक गरिने भएको छ । यस्तै, एनपी सर्ट र सीएसआरआईको पहलमा साइबर सेक्युरिटी हेल्प डेस्क समेत सञ्चालन हुनेछ ।

प्रदर्शनीमा अवलोकनकर्तोले एकै थलोमा सूचना तथा सञ्चार प्रविधिका नौला र भविष्यका निम्ति प्रविधिहरु र उपकरणको अवलोकन तथा खरिद गर्न पाउनेछन् ।


## शिवपुरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल

### बक्यौता रकम दाखिला गरी सार्वजनिक जग्गा खाली गरिदिने सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०।१०।२५)

शिवपुरी गाउँपालिका वडा नं. ७ स्थित पर्यटकीय सार्वजनिक स्थल सुनखानी सुईरेचौरको सार्वजनिक जग्गामा गाउँपालिकाको आन्तरिक आयको स्रोतमा वृद्धि हुने गरी प्रयोगमा ल्याउन शिवपुरी गाउँपालिकासंग मिति २०७५/०२/२४ मा संम्झौता भई अस्थायी संरचना निर्माण गरी व्यापार व्यवसाय संचालन भई रहेको तर गाउँपालिकासंग भएका सम्झौताका शर्तहरू पूर्णत: पालना नगरी नियमित राजश्व दाखिला तथा संम्झौता नविकरण समेत नगरेको हुदा उक्त सार्वजनिक जग्गामा संरचना निर्माण गरी व्यापार व्यवसाय गरिरहेका तर नियमित राजश्व दाखिला तथा संरचना नविकरण नगरेका व्यक्तिहरूका नाममा तिर्न बाकी बक्यौता रकम तत्काल दाखिला गर्न लगाई उक्त संरचना हटाउन ३५ दिनको सूचना प्रकाशित गर्ने शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको २०८० माघ २२ गतेको बैठकबाट निर्णय भएको हुदा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको अवधी भित्र उक्त जग्गा खाली गरि दिनु हुन अन्यथा नियमानुसार भै जाने व्यहोरा जानकारी गराईन्छ।

**शिवपुरी गाउँपालिका, नुवाकोट**



## लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१०/२५)

यस बैंक (साविक सन्राइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त मिति २०८०/०६/३० गतेको आर्थिक दैनिक राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुदाँ यो धितो लिलाम बिक्रीको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्तिमध्ये कुन सम्पत्ति के, कति मुल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/नारायणगढ, चितवन/कावासोती, नवलपरासी शाखामा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/११/११ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा दिनको ठीक ११ बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**तपसिल**

**ऋणी तथा धितो जमानीकर्ताको विवरण:**

**शाखा कार्यालय: नारायणगढ, चितवन**

१. **ऋणी तथा धितो जमानतकर्ताको नाम :** जगराम थारुको नाती, सोमलाल थारुको छोरा नबलपरासी जिल्ला बेनीमणीपुर गा.वि.स. वडा नं.०८ भई हाल बेनीमणीपुर न.पा./गा.पा. वडा नं. ०३ बस्ने **वीर बहादुर थारु** (ना.प्र.नं.३१३०५ जि.प्र.का. नबलपरासी जारी मिति २०५९/१२/१०)

**व्यक्तिगत जमानतकर्ता:** * सोमलाल थारुको बुहारी, बिर बहादुर थारुको पत्नी, नवलपरासी जिल्ला बेनीमणीपुर गा.वि.स. वडा नं.०८ भई हाल बेनीमणीपुर न.पा./गा.पा. वडा नं. ०३ बस्ने **विन्दु देवी थारु** (ना.प्र.नं. ३६३०३५/११०० जि.प्र.का. नबलपरासी जारी मिति २०६३/१०/१२)

**धितो सुरक्षणको विवरण :**

**ऋणी बिर बहादुर थारुको** नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नबलपरासी जिल्ला बेनीमणीपुर गा.वि.स. वडा नं.०३ स्थित कित्ता नं. ३९२० को क्षेत्रफल ०-४-१६.५-० (विगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

**नोट: ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।**

**पुनश्च :** बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/शाखा कार्यालय नारायणगढ, चितवन/कावासोती, नवलपरासीबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग /शाखा कार्यालय नारायणगढ, चितवन/कावासोती, नवलपरासीमा सम्पर्क राख्न सकिने छ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## ललितपुर महानगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृती र आर्थिक प्रस्ताव खोल्ने सूचना

प्रकाशित मिति :- २०८०/१०/२५

ललितपुर महानगरपालिकाको कार्यालयबाट आह्वान गरिएको तपशिल बमोजिमको निर्माण कार्यको लागि तोकिएको समयावधी भित्र रितपुर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये बोलपत्रको प्राविधिक पक्षको मुल्याकंन गर्दा तपशिलका बोलपत्रदाता सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | प्राविधिक पक्षमा सफल हुने बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने विवरण | |
|---|---|---|---|---|---|
| | | | | मिति, समय | स्थान |
| 1. | LMC-NCB-WORKS-080/81-04 | Smart Disable Friendly Footpath Construction at pulchowk –Jhamsikhel-Sanepa-Kandevatasthan | Siwali-D&B-Aarogya J.V. | २०८०/११/३, बिहान ११ बजे | ललितपुर महानगरपालिकाको कार्यालय, पुल्चोक, ललितपुर |



## मोलुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
प्राप्चा, ओखलढुंगा

प्रकाशित मिति :- २०८०।१०।२५

यस मोलुङ गाउँपालिकाको कार्यालयले विभिन्न मितिमा तपसिल बमोजिमको कार्यको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमका दरभाउपत्रहरु न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि देखिएको हुदाँ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:-

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम रु. (भ्याट सहित ) |
|---|---|---|---|---|
| 1 | MOLUNG.RM. NCB.SP.04/080/081 | Sepli Waterfall Tourism Infrastructure Development Project | Sunuwar Construction, Suryabinayak-2 Bhaktapur | 1,07,00,232.69 |

**प्रमुख प्रशासकीय अधिकृत**



## Lisankhu Pakhar Rural Municipality
### Office of the Rural Municipal Executive
Attarpur, Sindhupalchowk
Bagamati Province, Nepal

### Invitation for Electronic Bids

**First Date of Publication : 2080/10/25 (8th Feb., 2024)**

1. Lisankhu Pakhar Rural Municipality invites bids from Nepalese eligible bidders for the Construction of the works in the table below, under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality, Attarpur, Sindhupalchowk, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at Lisankhu Pakhar Rural Municipality-4, Attarpur, Sindhupalchowk, at 13:00 HRs on 2080/11/17 (29th Feb., 2024).
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid (i.e., 2081/02/28 (10th Jun., 2024)).

| S. No. | Contract Identification No. | Description of work | Bid Security Amount (NRs) | Last date & Time of | | Estimated Amount with VAT & PS (NRs) |
|---|---|---|---|---|---|---|
| | | | | Submission | Opening | |
| 1 | LPRM/Works/HP/NCB/080/81-13 | Upgrading and maintenance of Jethal Health-post, Lisankhu Pakhar RM-05, Jethal. | 1,10,000/- | 2080/11/27 (10th Mar., 2024) 12:00 HRs | 2080/11/27 (10th Mar., 2024) 13:00 HRs | 43,85,782.60/- |
| 2 | LPRM/Works/HP/NCB/080/81-14 | Upgrading and maintenance of Wafal Community Health Unit, Lisankhu Pakhar RM-03, Wafal. | 1,07,000/- | 2080/11/27 (10th Mar., 2024) 12:00 HRs | 2080/11/27 (10th Mar., 2024) 14:00 HRs | 42,60,725.26/- |

**Chief Administrative Officer**